मिति : २०८०/०६/१९, कार्या बैठक संख्या:९-०८०/८१

<u>प्रस्तावहरु</u>

९.१. राजस्व सम्भाव्यता अध्ययन तथा कार्ययोजनाको प्रारम्भिक मस्यौदा उपर छलफल सम्बन्धमा,
९.२. काठमाडौं महानगरपालिकामा एम्बुलेन्स माग गर्ने सम्बन्धमा,
९.३ छुट योजना सम्बन्धमा ।

<u>निर्णयहरु</u>

**९.१. राजस्व सम्भाव्यता अध्ययन तथा कार्ययोजनाको प्रारम्भिक मस्यौदा उपर छलफल सम्बन्धमा,**

कञ्चन गाउँपालिकाको राजस्व सम्भाव्यता अध्ययन तथा कार्ययोजना तयार गर्नका लागि कञ्चन गाउँपालिका र पानारोमा रिसर्च सेन्टर प्रा.लि. बिच सम्झौता भई कायदिश दिइएकोमा उक्त संस्थाले पेश गरेको गाउँपालिकाको राजस्व सम्भाव्यता अध्ययन तथा कार्ययोजनाको प्रारम्भिक मस्यौदा उपर छलफल भयो । मस्यौदाका सम्बन्धमा उठेका र सुधार गर्नुपर्ने विषयवस्तुहरू समेत समेटी १५ दिनभित्र अन्तिम प्रतिवेदन पेश गर्नका लागि सेवा प्रदायक संस्था पानारोमा रिसर्च सेन्टर प्रा.लि. अनामनगर काठमाडौंलाई निर्देशन गर्ने ।

**९.२. काठमाडौं महानगरपालिकामा एम्बुलेन्स माग गर्ने सम्बन्धमा,**

काठमाडौं महानगरपालिकाको आ.व. २०८०/८१ को नीति तथा कार्यक्रम र बजेटमा ३५ वटा गाउँपालिकालाई अनुदानमा एम्बुलेन्स उपलब्ध गराउने कार्यक्रम रहे बमोजिम मिति २०८०/०६/०४ गतेको सूचनाबाट एम्बुलेन्स माग गर्नका लागि गाउँपालिकाहरूलाई आव्हान भएकोमा यस कञ्चन गाउँपालिकाको आन्तरिक आय अत्यन्त न्यून रहेको र हालसम्म पनि यस गाउँपालिकामा एउटा एम्बुलेन्स नरहेको हुँदा आवश्यक कागजात सहित काठमाडौं महानगरपालिकासँग एम्बुलेन्स उपलब्ध गराउनका लागि प्रस्ताव पेश गर्ने ।

**९.३. छुट योजना सम्बन्धमा,**

आ.व. २०८०/८१ को बजेट विनियोजनका क्रममा कार्यपालिकाको बैठकबाट पारित भई गाउँपालिकाको गाउँसभामा पेश भई छलफल भएका देहायका योजनाहरू योजना किताबमा भूलबस छुटेको हुँदा उक्त योजनाहरू शुत्र प्रणालीमा प्रविष्ट गरी कार्यान्वयन गर्ने ।

देहाय

| क्र.सं. | योजनाको नाम | ठेगाना | विनियोजन रकम | स्रोत |
|---|---|---|---|---|
| १ | वडा कार्यालयको अधुरो भवन निर्माण | कञ्चन-५ | १५००००० | अल्या |
| २ | राम प्रसादको घरदेखि गुरूङ टोल सम्म जाने बाटो हेभी ग्राभेल | " | ३००००० | " |

सागर गौतम
प्रमुख प्रशासकीय अधिकृत

नवराज ढकाल
गा.पा. अध्यक्ष